# थाक्रे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**महादेवबेशी ,धादिङ**
**बागमती प्रदेश,नेपाल**

**आ ब २०७७/०७८ को आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी बिद्युतीय बोलपत्र ( E-Bid ) आव्हान सम्बन्धी सूचना**

*( तेस्रो पटक प्रकाशित मिति :२०७७ /०७ /०४ )*

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (घ) तथा प्रदेश आर्थिक ऐन २०७७ को दफा ९ (१) को अनुसूची ५ मा भएको व्यवस्था अनुसार थाक्रे गाउँ कार्यपालिकाको आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) सम्बन्धी कार्यविधि २०७५, राजस्व परामर्श समितिको मिति २०७७/०७/०२ को सिफारिस र गाउँ कार्यपालिकाको मिति २०७७/०७/०३ गतेको निर्णय अनुसार आ.व. ०७७ /०७८ को श्रावण १ देखि २०७८ असार मसान्त सम्मको लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले गाउँपालिकाबाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (**IEE**)मा उल्लेखित तपसिलका खोला, नदीनाला तथा खानी क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन् नहुने गरी रोडा, ढुङ्गा, बालुवा, ग्राभेल, भट्टामा प्रयोग हुने माटो, क्रसरबाट निस्केको धुलो र इट्टाको कर तथा शुल्क संकलन कार्यको ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,कारवाही वा कालोसुचीमा नपरेको स्वघोषणा पत्र, आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्र र अख्तियारनामाको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| सूचना नं./ बोलपत्र नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व ०७७ /०७८ का लागि कायम वार्षिक न्युनतम अंक (मु.अ.कर बाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| राजस्व / ४/०७७/ ०७८ | ढुङ्गा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुङ्गा, भट्टामा प्रयोग हुने माटो क्रसर बाट निस्केको धुलो, इट्टाको बिक्री कर शुल्क संकलन कार्य | कर तथा शुल्क ढुङ्गा, गिट्टी, बालुवा, रोडा प्रति क्युव फिट ९/- (नौ रुपैया) , ग्राभेल प्रति क्युव फिट ४।५० (चार रुपैया पचास पैसा मात्र) माटो तथा क्रसरको धुलो क्युब फिट २।५० (दुइ रुपैया पचास पैसा मात्र) प्रतिट्रीप इट्टा चारपाङ्गे २००, ६ पाङ्गे ५०० र १० पाङग्रे देखि ठूलो १०५० सम्म | १०,३८,३८,९७३।६० (दश करोड अड्तीस लाख अड्तीस हजार नौ सय तिरहत्तर रुपैया छाँठी पैसा मात्र।) | स्वीकृत IEE को प्रतिवेदनमा उल्लेख भए बमोजिम र गत वर्षको मौज्दात परिमाण | १०,०००।- | कबोल अंकको ५ प्रतिशत |

(१) बोलपत्रदाताले विधुतिय माध्यमबाट मात्र बोलपत्र पेश गर्न पाउनेछन । त्यसको लागी सार्वजनिक खरिद अनुगमन कार्यालयको **https://www.bolpatra.gov.np** बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

(२) तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको नाममा प्रभु बैङ्क स्थित महादेबबेशी शाखामा रहेको राजस्व **खाता नं. ०५१०१०१११८९००१२१** मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।

(३) बोलपत्रदाताले धरौटी वापत कबोल अङ्कको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा प्रभु बैङ्क स्थित महादेबबेशी शाखामा रहेको धरौटी **खाता नं. ०५१०१०१११८९०००४१** मा जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।

(४) बोलपत्रदाताले यो सुचना प्रकाशित मितिले १६औ दिन (२०७७/०७/१९ गते) दिनको १२:०० बजेभित्र बोलपत्र पेश गर्नुपर्नेछ र दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे निजको प्रतिनिधिहरुको रोहबरमा यस थाक्रे गाउपालिकाको कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

(५) ठेक्का अवधि २०७८ असार मसान्त सम्म हुनेछ ।

(६) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(७) बोलपत्र स्वीकृत भए पश्चात ठेक्का अङ्कको ३० प्रतिशत ले हुन आउने रकम यस कार्यालकको प्रभु बैक महादेबबेशी स्थित यस कार्यालयको विभाज्य कोष **खाता न. ०५१०१०१११८९०००७१** मा जम्मा गरेको सक्कल भौचर र ठेक्का अङ्कको बुझाउन बाँकी ७० प्रतिशत ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तिमा १३ महिना म्याद भएको मान्यता प्राप्त बैंक वा बित्तय संस्थाबाट यस कार्यालयको नाममा जारि गरिएको बैंक जमानतको (परफरमेन्स बन्ड) सक्कल प्रति सम्झौताको बखत पेश गर्नुपर्नेछ । धरौटी (विड वण्ड) बापत् जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजातहरु पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

(८) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

(९) कर ,दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानिय तहलाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर,दस्तुर,शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ।सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइने छैन ।

(१०)यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजनिक खरिद नियमावलि २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।